(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थी संग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको अधाराम दिनेछ ।

(ज) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँ कार्यपालिकाले तोकिएबमोजिम जरिवाना गर्न सक्नेछ ।

**३६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :-**

गाउँ पालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम शिक्षक विद्यार्थीको अनुपात कायम गरिनेछ ।

(क) सामान्यतया यस गाउँ पालिका भित्र एक शिक्षक बराबर ३५ विद्यार्थी कायम गरीने छ ।

**३७. शिक्षक कर्मचारीलाई अन्य काममा लगाउने सम्बन्धमा**

(क) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षण वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाइने छैन।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँ पालिकाले तोकेको अन्य कुनै काममा खटाउन वा अनुपमति दिन सकिनेछ ।

(ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा असर नपर्ने गरी विद्यालय व्यवस्थापन समिति र गाउँ पालिकाको अनुमति लिई अन्य शिक्षण संस्थामा अध्यापन कार्य गर्न बाधा पुगेको मानिने छैन ।

**३८. शिक्षकको नियुक्ति र सरूवाः-**

(क) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरबन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था अवश्यकता अनुसार तोकिए बामोजिम हुनेछ ।

(ख) दरबन्दी र राहत शिक्षकलाई गाउँ पालिका भित्र सरूवा गर्न गाउँ पालिका अध्यक्ष र उपाध्यक्ष अनुसार गाउँ शिक्षा समितिले ले गर्न सक्नेछन्।

(ग) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा शिक्षा अधिकृतको सिफारिसमा गाँउपालिका अध्यक्ष र उपाध्यक्ष विज्ञापनको अनुमति दिन सकिनेछन् ।

(घ) विद्यालयमा विद्यार्थीको चाप हेरी आवश्यक ठानेमा गाँउपालिका अध्यक्ष र उपाध्यक्षले सम्बन्धित विद्यालयमा अस्थायी शिक्षक दरबन्दी सृजना गर्न सकिनेछ ।

(ङ) विद्यार्थीको शैक्षिक स्तर वृद्धि कार्यमा क्षमता हुदाहुदै पनि असहयोग गर्ने शिक्षक कर्मचारीलाई गाउँ शिक्षा समितिले सोझै सरूवा गर्न सक्नेछ ।

(च) विशेष परीस्थीतिमा बाहेक कार्यदलको सिफारिस बिना सरूवा गरीने छैन् ।

**३९. दरबन्दी मिलानः-**

तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन्।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष